# सुन्दरहरैंचा नगरपालिका
## SUNDARHARAINCHA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive

विराटचौक, मोरङ
Biratchowk, Morang
१ नं प्रदेश, नेपाल
Province No. 1, Nepal

प.सं.(*F/Y*) :०७७/७८
च.नं.(*Ref*) २८७२

सुन्दरहरैंचा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मोरङ, प्रदेश नं. १, नेपाल
२०७३

मिति : २०७८/०१/२६

विषय : निर्णय कार्यान्वयन गर्नु/गराउनु हुन ।

***श्री सरकारी कार्यालय, बैंक, सहकारी संस्था,***
***ईन्सुरेन्स कम्पनी, लधुवित्त संस्था तथा वित्तीय***
***कारोबार गर्ने संस्था (सबै) ।***
***सुन्दरहरैंचा नगरपालिका, मोरङ ।***

प्रस्तुत विषयमा मिति २०७८/०१/२६ गते सुन्दरहरैंचा नगरपालिका कार्यालयमा नगर क्षेत्र भित्र रहेका सरकारी कार्यालय, बैंक, वित्तीय संस्था, सहकारी संस्था, ईन्सुरेन्स कम्पनी, लधुवित्त संस्था तथा वित्तीय कारोबार गर्ने संस्थाहरु सँग पछिल्लो समय देखा परेको नयाँ भेरिएन्ट सहितको कोभिड-१९ भाईरस रोकथाम तथा व्यवस्थापनका लागि बसेको बैठकको निर्णय यसै पत्रका साथ संलग्न गरि पठाईएको हुदाँ उक्त निर्णयको कार्यान्वयन गर्नु/गराउनु हुन अनुरोध छ ।

..........................
शिवप्रसाद ढकाल
(नगर प्रमुख)

शिवप्रसाद ढकाल
नगर प्रमुख

"सुन्दरहरैंचा, विकासको बगैंचा,
विकासको आधार- कृषि, पर्यटन र पूर्वाधार"

PhoneNo.:- 021-545050, 545822,546822, Fax: - 021-545822, Fire Brigade: -021-545666, 021-546666
Website: www.sundarharaichamun.gov.np,Email: sundarharaichamun@gmail.com

शिवप्रसाद ढकाल
नगर प्रमुख

सुन्दरहरैंचा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मोरङ, प्रदेश नं. १, नेपाल
२०७३

**प्रस्ताव नं. १ : स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्ड सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण सरकारी कार्यालय, बैंक, वित्तीय संस्था, सहकारी संस्था, ईन्सुरेन्स कम्पनी, लघुवित्त संस्था तथा वित्तीय कारोबार गर्ने सम्पूर्ण संस्थाहरुले कार्यालयमा सेवा लिन आउने सेवाग्राही तथा कर्मचारीहरुको स्वास्थ्य सुरक्षाका लागि थर्मल गन, सेनिटाईजर, ग्लोब्स, माक्स जस्ता स्वास्थ्य सामाग्रीहरुको अनिवार्य रुपमा प्रयोग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २ : कार्यालय अगाडी सिसि क्यामेरा जडान सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र रहेका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो कार्यालय हाता, पार्कीङ स्थल तथा हाईवे लक्षित गरेर सिसि क्यामेरा यथाशिघ्र जडान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : कार्यालय सञ्चालन सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र रहेका सरकारी कार्यालय, बैंक, वित्तीय संस्था, सहकारी संस्था, ईन्सुरेन्स कम्पनी, लघुवित्त संस्था तथा वित्तीय कारोबार गर्ने सम्पूर्ण संस्थाहरुले आईतबार, मंगलबार, बिहीबार र शुक्रबार गरी हप्ताको ४ दिन अनिवार्य रुपमा सेवाग्राहीहरुका लागि कार्यालय खुल्ला गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : ATM सेवा सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. ४ माथि छलफल गर्दा विद्यमान लकडाउनको बढ्दो अवस्थाका साथै कोरोना संक्रमितको संख्या बढी रहेको अवस्थालाई मध्यनजर गरी भिडभाड नियन्त्रण गर्ने प्रयोजनार्थ बैंक तथा वित्तीय संस्थाहरुमा सेवा लिन आउने सेवाग्राहीहरुलाई ATM कार्ड तथा मोबाईल बैंकीङ मार्फत सेवा लिनका लागि अनुरोध गर्ने निर्णय गरियो । साथै ATM मेसिन भएको स्थानमा अनिवार्य रुपमा बैंक तथा वित्तीय संस्थाहरुले सेनिटाईजरको व्यवस्था गर्नुका साथै कोभिड अवधिभरका लागि ATM कार्ड निशुल्क उपलब्ध गराउनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

शिवप्रसाद ढकाल
नगर प्रमुख

सुन्दरहरैंचा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मोरङ, प्रदेश नं. १, नेपाल
२०७३